# नेपाल राष्ट्र बैंक

पोखरा कार्यालय

## सवारी साधन (बस) भाडामा लिने बारे सिलबन्दी दरभाउपत्रको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/५/२८**

**सिलबन्दी दरभाउपत्र आईपुग्नु पर्ने अन्तिम म्याद : २०७५/६/११ (दिनको १२:०० बजेभित्र)**

**दरभाउपत्र खोल्ने मिति : २०७५/६/११, समय : दिनको १२:३० बजे**

नेपाल राष्ट्र बैंक पोखरा कार्यलयको कार्यक्षेत्र अन्तर्गतका नोटकोष रहेका राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडका तोकिएका शाखाहरूमा तथा नेपाल राष्ट्र बैंकका विभिन्न विभाग तथा कार्यालयहरुमा गरिने तोडाचलान **(Fund Transfer)** कार्यको लागि आवश्यक परेका बखत सवारी साधन (बस) भाडामा लिनुपर्ने भएकोले सवारी साधन (बस) भाडामा दिन इच्छुक व्यक्ति, बस व्यवसायी तथा फर्म/कम्पनीहरुले तोकिएको मिति र समयभित्र यस कार्यालयमा आईपुग्ने गरी सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

१. दरभाउपत्र पेश गर्ने सेवा प्रदायकले दरभाउपत्र साथ यातायात व्यवस्था कार्यालयमा दर्ता भई नवीकरण भएको अद्यावधिक सवारी धनी प्रमाणपत्र (Blue Book) को प्रतिलिपि २ थान र सवारी साधनको नवीकरण गरिएको अद्यावधिक कर (Tax) प्रमाणपत्रको प्रतिलिपि समेत संलग्न गर्नुपर्नेछ ।

२. दरभाउपत्र पेश गर्दा दरभाउपत्र पेश गर्नेले विडवण्ड वापत रु ४८,०००।– (अक्षरेपी अड्चालिस हजार मात्र) यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाब १८०९९९९ / ०११–००१–५२४ मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक/वित्तीय संस्थाबाट कम्तीमा ६० (साठी) दिनको लागि यस बैंकको पक्षमा जारी गरेको सो रकम वराबरको जमानत पत्रको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

३. स्वीकृत सेवा प्रदायकले सूचना पाएको मितिले ७ (सात) दिन भित्र आफूले कबूल सवारी साधन (बस) भाडाको बार्षिक रकमको ५ (पाँच) प्रतिशतले हुने नगदै वा ईजाजत प्राप्त बैंक /वित्तीय संस्थाले १५ महिनाको लागि यस बैंकको पक्षमा जारी गरेको कार्य सम्पादन जमानत (Performance Guarantee) पेश गरी सेवा खरिद सम्झौता गर्नुपर्नेछ ।

४. दरभाउपत्र पेस गरेको खामको बाहिरपट्टी शीरमा **"सवारी साधन (बस) भाडामा दिनको लागि दरभाउपत्र पेश गरेको बारे"** भन्ने व्यहोरा लेखि श्री निर्देशकज्यू नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयलाई सम्बोधन गरिएको र खाम सिलबन्दी गरिएको हुनु पर्नेछ ।

५. प्राप्त दरभाउपत्र स्वीकार गर्ने, नगर्ने तथा दरभाउपत्र पूर्णरुपमा वा आंशिकरूपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा नीहित रहनेछ ।

६. दरभाउपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा दरभाउपत्र पेश गर्नेहरुको रोहबरमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयमा दरभाउपत्र खोलिने छ । तर दरभाउपत्र पेश गर्ने वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

७. दरभाउपत्र यस बैंकको आन्तरिक प्रशासन फाँटबाट रू. १०००।- (अक्षरेपि एक हजार मात्र) तिरी (फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।

८. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारम, सार्वजनिक खरिद ऐन, २०६३ र नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयम, आन्तरिक प्रशासन फाँट (फोन नं. ०६१–४६२७१४) मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

९. उपरोक्त अनुसार रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

निर्देशक